मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार ५ गते बिहिबार ❑ 19 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## मालपोत कार्यालय कास्कीद्धारा १ अर्ब ३६ करोड बढी राजस्व संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

मालपोत कार्यालय कास्कीले पछिल्ला बर्षमा राजश्व बढी संकलन गर्न थालेको छ। कार्यालयले विगत दुई बर्षको तुलनामा चालु आर्थिक बर्षमा राजश्व बढी संकलन गर्न सफल भएको मालपोत कार्यालय कास्कीकाप्रमुखमालपोतअधिकृत चिरञ्जिवि पौडेलले बताउनुभयो।

उहाँका अनुसार चालु आर्थिक बर्षको ९ महिनामा अर्थात चैत मसान्तरसम्ममा कार्यालयले १ अर्ब ३६ करोड ७० लाख १७ हजार २ सय ९६ रुपैया राजश्व संकलन गर्न सफल भएको छ। आर्थिक बर्ष २०८०/०८१ मा कार्यालयले १ अर्ब ४३ करोड ५१ लख ९५ हजार ७ सय ७५ रुपैया राजश्व संकलन गर्न सफल भएको थियो । त्यसै गरी कार्यालयले आर्थिक बर्ष २०७९/०८० मा १ अर्ब ३४ करोड २ लाख ४९ हजार ७ सय ९ रुपैया राजश्व संकलन गर्न सफल भएको प्रमुख पौडेलले जनाउनु भएको छ।

कार्यालयले रजिष्ट्रेशनबाट मात्र ७७ करोड २८ लाख ४० हजार ७२ रुपैया राजश्व संकलन गर्दा अन्य प्रशासनिक शुल्कबाट भने ११ करोड ३५ लाख ८ हजार ९ सय ६ रुपैया राजश्व संकलन गर्न सफल भएको छ । त्यसै गरी पुंजिगत लाभकरबाट ४८ करोड ६ लाख ६८ हजार ३ सय १८ रुपैया राजश्व संकलन भएको कार्यालयले जनाएको छ। रजिष्ट्रेसन लिखिर शहरी क्षेत्रमा ६ हजार २ सय ८४ र ग्रामिण क्षेत्रमा १ हजार ३४ वटा गरी ७ हजार ३ सय १८ वटा रजिष्ट्रेशन लिखित सङ्ख्या रहेको मालपोत कार्यालय कास्कीले दिएको तथ्याङ्मा उल्लेख छ। त्यस्तै धितो कारोवार तर्फ ७ हजार ४४ वटा रहेको छ । धितो करोवार गर्ने शहरी क्षेत्रमा ६ हजार ५ सय १५ हुँदा ग्रामिण क्षेत्रमा निकै कम अर्थात ५ सय २९ वटा मात्र रहेको प्रमुख पौडेलले जनाउनु भयो । संकलन भएको उक्त राजश्व प्रदेश सरकार, संघिय सरकार हुदै स्थानिय पालिकाहरुलाई राजश्व बाडफाँड समेत भएको छ। चालु आर्थिक बर्षको चैत मसान्तरसम्म गण्डकी प्रदेश सरकारले ४१ करोड ९४ लाख ९२ हजार ५ सय ९८ रुपैयाँ राजस्व प्राप्त गरेको छ भने पोखरा महानगरपालिकाले ४३ करोड ७७ लाख ८० हजार २ सय ७५ रुपैया राजश्व प्रांप्त गर्‍यो।

संघीय सरकारले पूँजिगत लाभकर शीर्षकमा ४८ करोड ६ लाख ६८ हजार ३ सय १८ रुपैयाँ राजश्व संकलन गरेको छ। त्यसैगरी, अन्नपूर्ण गाउँपालिकाले २३ लाख ९० हजार ९ सय ६४, माछापुच्छ्रे, गाउँपालिकाले ४६ लाख ८१ हजार ६ सय १८ रुपैया र मादी गाउँपालिकालाई २३ लाख ७३ हजार १ सय ५९ रुपैया राजस्व वाडफाँड भएको हो।

पछिल्लो समय कास्कीमा भएको जग्गा कारोबार, दाखिला खारेज र रजिष्ट्रेसन सम्बन्धी क्रियाकलापको वृद्धिले आम्दानी बढाउन सहयोग पुगेको कार्यालयले जनाएको छ।

## गण्डकी प्रदेशसभामा बजेटमाथि छलफल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

गण्डकी प्रदेश सरकारले गत आइतबार सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटमाथि आजदेखि प्रदेशसभामा छलफल सुरु भएको छ।

आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले बजेटमाथि छलफल गरियोस् भनी प्रदेशसभा बैठकमा प्रस्तुत गर्नुभएको प्रस्तावमा प्रदेशसभा सदस्यले धारणा राख्ने क्रम सुरु भएको छ।

विशेष समय लिएर विपक्षी दलका नेता एवं नेकपा (माओवादी केन्द्र) संसदीय दलका नेता हरिबहादुर चुमानले बजेट खुला र पारदर्शी हुन नसकेको बताउनुभयो । केही मन्त्रालयमा चालु आवको बाँकी दायित्व र नयाँ योजनाका लागि स्रोत उल्लेख नगरी बजेट ल्याइएको बताउनुभयो। प्रदेशको समृद्धिको पहिलो आधार पर्यटन भनिए पनि पर्यटनमै कम बजेट विनियोजन गरिनु सरकारको कमजोरी भएको नेता चुमानको भनाइ छ। लक्ष्यअनुसार राजस्व उठन् नसकेकाले राजस्वको दायरा बढाउन सरकारले ठोस नीति र योजना ल्याउनुपर्ने उहाँले बताउनुभयो । प्रदेशसभा सदस्य महेश भट्टराईले बजेटले आत्मनिर्भर प्रादेशिक अर्थतन्त्रका लागि बजेटले आधार तयार पार्ने उल्लेख गर्नुभयो। उहाँले उत्पादन र उत्पादकत्व वृद्धिसहित लगानीका क्षेत्रमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नेगरी बजेट आएको बताउनुभयो । गण्डकी प्रदेशको आर्थिक वृद्धिदर पनि समग्र देशको तुलनामा सन्तोषजनक देखिएको उहाँको भनाइ छ।

प्रदेशसभा सदस्य लीलबहादुर थापाले बजेट तथा कार्यक्रमले उत्पीडित वर्ग, क्षेत्र र समुदायका मागलाई सम्बोधन गनुपर्ने धारणा राख्नुभयो । प्रदेशसभा सदस्य बिन्दु पौडेलले प्रदेश सरकार आफैं सबल र आत्मनिर्भर हुनुपर्ने बताउनुभयो।

बजेटको आकार घट्दै जानुले आर्थिक रुपमा प्रदेश सरकार सक्षम नरहेको सन्देश जाने उहाँको भनाइ छ। उहाँले बजेटमा प्रदेश गौरवका योजनाका रुपमा घोषणा भएका कतिपय योजना अलपत्र परेको बताउँदै कार्यान्वयन योग्य बजेट निर्माणमा जोड दिनुभयो।

बजेटमाथिको छलफलमा प्रदेशसभा सदस्य हरिबहादुर भण्डारी, सुधीर पौडेल, सरस्वती गुरुङ, भीमबहादुर कार्कीलगायतले भाग लिनुभएको थियो। बैठकको शून्य समयमा प्रदेशसभा सदस्य जीतबहादुर शेरचन, बेदबहादुर गुरुङ, लीलबहादुर थापा, हरिबहादुर भण्डारीलगायत समसामायिक विषयमा प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। प्रदेशसभामा विनियोजन विधेयक र बजेटमाथिको छलफल यही असार १२ गतेसम्म सञ्चालन हुने र १३ गतेको बैठकमा निर्णयार्थ पेस हुने प्रदेशसभा सचिवालयका सूचना अधिकारी हरिबहादुर खपाङ्गी मगरले जानकारी दिनुभयो । प्रदेश सरकारले गत आइतबार प्रदेशसभा बैठकमा आगामी आव २०८२/०८३ का लागि रु ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजारको बजेट सार्वजनिक गरेको थियो।

## ऋषिङ र देवघाटमा जलवायुमैत्री कृषि प्रविधिमार्फत खेती

**पोखरापत्र संवाददाता**
तनहुँ, ४ असार

जिल्लाको ऋषिङ र देवघाट गाउँपालिकामा जलवायुमैत्री कृषि प्रविधि कार्यक्रम सुरु गरिएको छ।

जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा पर्ने असर तथा प्रभाव न्यूनीकरणका लागि असल कृषि अभ्यास र प्रविधिको अवलम्बन गरी जलवायु अनुकूलन क्षमताको विकास गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश, जिल्ला समन्वय समिति तनहुँ, कृषि ज्ञान केन्द्र र ऋषिङ गाउँपालिकाको समन्वयमा जलवायसमैत्री कृषि प्रविधि कार्यक्रम सञ्चालन गरिएको छ। ऋषिङ-७ आम्चोकमा २३ घरधुरी जलवायुमैत्री कृषि प्रविधि कार्यक्रममा सहभागी भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लाको जलवायुजन्य जोखिमका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील रहेको क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गरिएको केन्द्रका प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जलवायु परिवर्तनको असरले खेती प्रणालीमा परेको असरलाई न्यूनीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्यका साथ कार्यक्रम ल्याइएको हो ।" जलवायु परिवर्तनको प्रभाव अधिकांश स्थानमा परेको छ। यस्ता समस्या तथा जोखिमलाई सुहाउँदो उत्पादनमा जोडने प्रयासमा लगानी बढाएको उहाँले बताउनुभयो । जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जलवायुमैत्री कृषि प्रविधि कार्यक्रमको शुभारम्भ गर्दै कम बजेटमा सुरुआत गरिएको खेतीले उत्पादन र उतपादकत्व वृद्धिमा सहयोग पुऱ्याउन सक्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "सिँचाइको समेत अभाव रहेको स्थानमा पम्पिङ गरी ल्याई उपयोग गरिएको छ, कम बजेटमा गर्न सकिन्छ भन्ने शंकाका साथ सुरुआत गरिएको सफल भइरहेको छ, यसले कृषकका साथै हामीलाई प्रेरित गरिएको महसुस भएको छ।" मौसम अनुकूलको उत्पादनलाई अगाडि बढाउने प्रयास ज्ञान केन्दले गरेको उहाँको भनाइ छ। स्थानीय तहले पनि जलवायु परिवर्तन भइरहेको अवस्थामा सहाउँदो उत्पादन र उत्पादकत्व दिने गरी कृषि प्रणालीको विकास र अवलम्बन गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "यस्ता कार्यक्रमले निरन्तरता पाउनुपर्छ र यस प्रणालीको अवलम्बन गरी गरिएको खेतीबाट कृषक आयस्तरसँग जोडन सक्नुपर्छ।" ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले कृषकलाई तालिम, आवश्यकताका आधार पहिचान गरी रोजगार बनाउने योजनासहित अगाडि बढेको बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँ गरिएको खेती नमूना बनाउनेछौं, यो कार्यक्रमलाई प्रभावकारी र नमुना कार्यको रुपमा विकास गर्नेछौं र सबैले हेर्ने तथा आकर्षण गर्ने क्षेत्रका रुपमा विकास गर्नेछौं।" कृषि, भूमि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशका उपसचिव गोविन्द पाण्डेले मौसम परिवर्तनले अत्यधिक वर्षा तथा कम वर्षाको समयमा पनि खेती गर्न सक्ने गरी कार्यक्रम सञ्चालनमा आएको बताउनुभयो । उहाँले भन्नुभयो, "जलवायु परिवर्तनमा नै उत्पादन लिने गरी खेतीलाई विकास गर्ने लक्ष्य हो, यहाँ उत्पादनलाई बीउ उत्पादनमा जोडेर प्रदेश सरकारले खरिद बिक्री गरी अन्यत्र प्रवर्द्धन गर्न सकिनेछ।" जलवायुजन्य प्रकोप तथा जोखिमको अवस्था, समुदायको सामाजिक, आर्थिक अवस्था, भौगोलिक विकटता, खाद्य सुरक्षाको अवस्थाको अध्ययन तथा अनुसन्धान गरी कार्यक्रम सञ्चालनमा ल्याइएको हो।

आर्थिक वर्ष २०८१/८२ मा विनियोजित बजेटबाट कार्यक्रम सञ्चालनमा ल्याइएको केन्द्रले जनाएको छ । रु १० लाखको लागतमा लिफ्टिङ र थोपा सिँचाइमार्फत खेती गर्ने गरी जलवायुमैत्री कृषि प्रविधि कार्यक्रम सञ्चालनमा ल्याइएको केन्द्रका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत किरण परियारले जानकारी दिनुभयो । "चालु आर्थिक वर्षमा ऋषिङ-७ आम्चोक र देवघाट-४ मा यो कार्यक्रम सञ्चालन भइरहेको छ, यसको सुरुआतले कृषकमा उत्साह जगाउन मद्दत पुगेको छ", उहाँले भन्नुभयो । माटोको स्वास्थ्य प्रवर्द्धनका लागि कोसेबाली उत्पादन प्रवर्द्धन, मिश्रित खेती प्रणाली प्रवर्द्धन, हरियो मल प्रवर्द्धन, गोबर मल तथा गड्यौला मल उत्पादन र प्रयोग, माटो परीक्षणसहित खेती गर्न प्रेरित गर्न सकिन्छ।

## इजरायल र इरानमा रहेका नेपालीको आवश्कता अनुसार सहयोग गरिने

**रासस**
काठमाडौं, ४ असार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले इजरायल र इरानबीच हाल विकसित परि स्थितिका कारण रोजगारीमा रहेका नेपाली श्रमिकको सुरक्षा र सम्भावित जोखिम न्यूनीकरणका लागि कूटनीतिक नियोगलाई आवश्यक तयारी गर्न परराष्ट्र मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरेको छ।

श्रम मन्त्रालयका सचिव कृष्णहरि पुस्करको संयोजकत्वमा बसेको सरोकारवालाको बैठकले नेपाली नियोगमार्फत इजरायल, इरान र प्रभावित छिमेकी मुलुकमा रहेका नेपाली नागरिकको विवरण

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सांस्कृतिक विविधताको सम्मान गरौं ।

- सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं ।

*"सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं"*

नेपाल सरकार
विज्ञापन बोर्ड

## असार १५ गते पाचौं हेमजा हिले महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

पोखरा २५ हेमजा स्थित देवीस्थान सेवा समाजको आयोजनामा पाचौं हेमजा हिले महोत्सव २०८२ हुने भएको छ।

यहि असार १५ गते 'कृषिमा कृषकलाई प्रोत्साहन, बिष्णुपादुका मन्दिर हेमजाको शान' भन्ने मूल नाराका साथ महोत्सवको आयोजना हुने भएको हो। महोत्सव देविस्थान टोल,विष्णुपादुका मन्दिर परिसर क्षेत्र पोखरा २५ हेमजामा हुने छ। क्लब उपाध्यक्ष चन्द्रकला पोखरेलको संयोजकत्वमा विभिन्न उपसमितिका साथ मुल आयोजक समिति गठन गरिएको छ। विष्णुपादुका धार्मिक क्षेत्रको प्रवर्द्धन र आन्तरिक र बाह्य पर्यटनको आगमन बढाउन र

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेश तेस्रो पुरुष टि-२० क्रिकेट : नवलपुर विरुद्ध पर्वतको शनसनीपूर्ण जित

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

गण्डकी प्रदेश तेस्रो पुरुष टि-२० क्रिकेट प्रतियोगितामा पर्वतले नवलपुर विरुद्ध शनसनीपूर्ण जित हात पारेको छ।

पोखरा क्रिकेट खेल मैदानमा जारी प्रतियोगितामा पर्वतले नवलपुरलाई १५ रनले पराजित गर्दै महत्वपूर्ण जित हात पारेको हो । त्यस्तै एक अर्को खेलमा कास्कीले गोरखा विरुद्ध १० विकेटले जित हात पारेको छ । यो संगै समुह बीको समिकरण रोचक मोडमा पुगेको छ। कास्की दुई खेलमा दुई खेल नै जित्दै ४ अंकका साथ अग्रस्थानमा रहँदा पर्वत र नवलपुर एक एक खेल जित्दै समान २-२ अंकका साथ दोस्रो र तेस्रो स्थानमा रहेका छन्।

बिहीबार हुने खेलले फाइनलमा पुग्ने टिमको टुङ्गो समेत लाग्ने प्रतियोगिताका संयोजक ऋषीराम गौतमले जनाएका छन्। भोलीको पहिलो खेल गोरखा र पर्वत तथा दोस्रो खेल कास्की र नवलपुरका बीच हुनेछ। यस अघि बुधबार भएको पहिलो खेलमा पर्वतले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय लियो । निर्धारित २० ओभरमा पर्वतले ९ विकेट गुमाउँदै १३१ रन बनायो । टोलीका लागि अभिषेक थापाले ४० बलमा




५ चौका र ३ छक्का सहित सर्वाधिक ५२ रन बनाए । अभिराज पटेलले २९ बलमा ३७ रन र बिनोद नेपालीले १० बलमा १४ रनको योगदान दिए। नवलपुरका लागि कमल परियार र सुदीप अर्याललले समान २-२ विकेट लिए भने अपराजित पौडेल, दीपक डुम्रे, र स्विकार श्रेष्ठले १-१ विकेट हात पारे।

१३२ रनको लक्ष्य पछ्याउन ओर्लिएको नवलपुर १८.५ ओभरमा ११६ रनमै समेटियो । गौरव विष्टले २५ रन, स्विकार श्रेष्ठले १८ रन, र बिगत पाण्डेले १७ रन बनाए तापनि अन्य ब्याटरले उल्लेखनीय योगदान दिन सकेनन्। पर्वतका कप्तान अमृत गुरुङले उत्कृष्ट प्रदर्शन गर्दै ४ ओभरमा २० रन दिँदै ३ विकेट लिए। राजु थापाले पनि ३.५ ओभरमा ४१ रन खर्चिएर ३ विकेट लिए भने बिनोद नेपालीले २ विकेट हात पारे । उत्कृष्ट बलिङ र कप्तानी प्रदर्शनका लागि अमृत गुरुङलाई प्लेयर अफ द म्याच घोषित गरियो । त्यस्तै सम्पन्न दोस्रो खेलमा म्पन्न खेलमा कास्कीले गोरखालाई एकतर्फी खेलमा १० विकेटले पराजित गर्दै प्रभावशाली जित दर्ता गरेको छ। टस जितेर गोरखाले पहिला ब्याटिङ गर्ने निर्णय लियो । टोलीले १९.५ ओभरमै सम्पूर्ण १० विकेट गुमाउँदै जम्मा ९० रन मात्र बनाउन सक्यो। गोरखाका लागि स्वरुपराज श्रेष्ठले १४ बलमा २१ रन बनाए भने मेहुल श्रेष्ठले ४५ बलमा १८ रन जोडे। कास्कीका बलरहरू बीच सन्तुलित प्रदर्शन गर्दै सुबास भण्डारीले ३.५ ओभरमा ११ रन खर्चेर ३ विकेट लिए भने सिब्रिन श्रेष्ठले २ विकेट तथा कृष्ण पौडेल र अर्जुन केसीले समान १-१ विकेट हात पारे। १ रन प्रति बलभन्दा कमको लक्ष्य पछ्याउन उत्रिएको कास्कीले गोरखाको बलिङलाई धज्जी उडाउँदै मात्र ८.४ ओभरमै ९४ रन बनाउँदै कुनै विकेट नगुमाई जित हात पाऱ्यो । अनिल गुरुङले २७ बलमा ६ चौका र ३ छक्का प्रहार गर्दै अविजित ५१ रन बनाउँदै म्याच जिताए भने अर्का ओपनर अर्जुन कुमालले पनि २५ बलमा ३९ रन बनाए। अनिलको तूफानी ब्याटिङ प्रदर्शनका लागि उनलाई खेलको 'प्लेयर अफ द म्याच' बने। प्रदेश खेलकुद परिषद गण्डकीको प्रवर्द्धन तथा प्रादेशिक क्रिकेट संघ गण्डकीको आयोजनामा प्रतियोगिता ८ जिल्लाको सहभागिता रहेको संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए । विजेता टिमले नगद रु १ लाख, उपविजेताले रु ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। त्यस्तै, उत्कृष्ट खेलाडीलाई रु ४ हजार, उत्कृष्ट ब्याटर, बलर र उदियमान खेलाडीलाई जनही रु २ हजारसहित ट्रफी प्रदान गरिनेछ। हरेक खेलको 'प्लेयर अफ द म्याच' ले रु १ हजार नगद र ट्रफी प्राप्त गर्नेछन्।

# सुजलको 'व्याफी फेमिली प्याक' सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार




नेपाली कन्फेक्शनरी उद्योगमा तीन दशकभन्दा बढी अनुभव बोकेको सुजल फुड्स प्रा.लि.ले स्वादिलो र आकर्षक नयाँ उत्पादन 'व्याफी परिवार प्याक' सार्वजनिक गरेको छ। 'क्रिमी', 'क्रिस्पी' र 'क्रञ्ची' अनुभव दिने गरी तयार गरिएको यो नयाँ प्याक अब बजारमा उपलब्ध छ।

सुजल फुड्सले नयाँ प्याक उपभोक्तालाई आफ्ना प्रियजनहरूसँग बाँड्न वा आफैं रमाइलो साथ खान उपयुक्त हुने गरी तयार गरेको बताएको छ। कम्पनीका अनुसार व्याफी अब दुई सबैभन्दा बढी रोजाइमा परेका स्वादहरू–स्ट्रबेरी र चकलेट–मा उपलब्ध छ। १२० ग्रामको प्याकको खुद्रा मूल्य रू. १०० राखिएको छ, जसले यसलाई नेपाली बजारमा उपलब्ध सबैभन्दा सुलभ दरमा प्रिमियम स्तरको वेफर बनाएको छ।

उच्च गुणस्तरका कच्चा पदार्थको प्रयोग गरी अत्याधुनिक प्रविधिबाट निर्माण गरिएको व्याफीमा चार तहको कुरकुरो वेफर र तीन तहको क्रीम राखिएको छ। १२ महिनासम्म ताजापन र कुरकुरोपन कायम रहने बनावटसहितको व्याफीलाई त्रिस्तरीय धातुमिश्रित प्याकेजिङ र 'सुरक्षा ट्रे' प्रणालीमार्फत अन्तिम बाइटसम्म सुगन्ध र कुरकुरोपन कायम राख्ने व्यवस्था गरिएको कम्पनीले जानकारी दिएको छ।

कम्पनीका अनुसार यो उत्पादन विशेषगरी प्रिमियम स्वादको खाजाको विकल्प रोज्ने बालबालिका, किशोरकिशोरी तथा युवा पुस्तालाई लक्षित गरिएको हो। साथै, किनमेल केन्द्र तथा सहज पसलहरूमा स्वादिलो खाजा खोज्ने गृहिणीहरू तथा इन्टरनेटमार्फत नियमित रूपमा खाजा अर्डर गर्ने उपभोक्तालाई पनि ध्यानमा राखिएको छ।

'उपहारस्वरूप दिने वा रमाइलो क्षणमा उपभोग गर्न व्याफी उत्कृष्ट छनोट हो,' सुजल फुड्सको विज्ञप्तिमा भनिएको छ।

नयाँ व्याफी परिवार प्याक देशभरका प्रमुख खुद्रा बिक्री केन्द्र– भाटभटेनी, बिगमार्ट, केकेमार्ट, सेल्सबेरी लगायतका सुपरमार्केटमा उपलब्ध भइसकेको छ । त्यस्तै, दराज, गिफ्टमान्डु डट कम, स्मार्टडोको डट कम, यार्शाबजार डट कम, बिजबजार डट कम र डिलआयो डट कम लगायतका प्रमुख अनलाइन किनमेल प्लेटफर्ममार्फत पनि व्याफी सजिलै खरिद गर्न सकिन्छ।

नेपालमै उत्पादन गरिएको व्याफीको ख्याति यतिमा मात्र सीमित छैन। व्याफी हाल अमेरिका, युरोप, अष्ट्रेलिया र खाडी मुलुकहरूमा निर्यात भइरहेको छ।

लक्ष्मी समूह अन्तर्गतको प्रमुख कम्पनी सुजल फुड्सले विगत ५० वर्षभन्दा बढी समयदेखि कन्फेक्शनरी क्षेत्रमा क्रियाशील रहँदै गुणस्तरीय उत्पादनहरू उपभोक्तासम्म उचित मूल्यमा पुऱ्याउने प्रतिबद्धता दोहोर्याउँदै आएको छ। कम्पनीले विश्वास लिएको छ कि नयाँ व्याफी प्याकले नेपाली उपभोक्ताबीच विशेषगरी बालबालिका, किशोरकिशोरी र युवाहरू माझ लोकप्रियता हासिल गर्नेछ र हरेक बाइटमा स्वाद तथा रमाइलोपनको भरपूर अनुभव दिनेछ।

# जलविद्युत् आयोजनाका कारण तातोपानी कुण्ड सङ्कटमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ असार

यहाँको अन्नपूर्ण गाउँपालिका भएर बग्ने कालीगण्डकी नदी किनारका प्राकृतिक तातोपानीका मुहान जलविद्युत् आयोजनाका कारण सङ्कटमा परेका छन्।

कालीगण्डकी नदीमा निर्माण सुरु भएका र निर्माण हुन लागेका जलविद्युत् आयोजनाको सुरुङबाट पानी बग्ने भएपछि किनारमा रहेका तातोपानीको मुहान सुक्ने र आर्थिक, सामाजिक, वातावरणीय रुपमा असर पुग्ने स्थानीयवासीको चिन्ता छ । अन्नपूर्ण गाउँपालिका-२ भुरुङ-तातोपानीमा आज आयोजना भएको ६६.३ मेगावाट क्षमताको मध्य कालीगण्डकी जलविद्युत् आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनसम्बन्धी सार्वजनिक सुनुवाइमा प्रभावित क्षेत्रका बासिन्दाले तातोपानीको मुहानमा असर नपुग्ने गरी आयोजना बनाउन सुझाए।

भुरुङ तातोपानीका अनिल हिराचनले विगतमा खोला गहिरिँदा, धार परिवर्तन हुँदा र थुनिँदाको असर तातोपानीको मुहानमा देखिएको अनुभव सुनाउनुभयो । उहाँले कालीगण्डकीको पानी सुरुङमा हालेपछि पर्यटकीयस्थल तातोपानीको भविष्य सङ्कटमा पर्ने बताउनुभयो । अर्का स्थानीयवासी आत्मा तुलाचन



र अमृतमान शेरचनले अन्य आयोजनाको सुरुङ निर्माणका क्रममा जमिनमा हुने कम्पनका कारण प्रभावित क्षेत्रका पानीका मुहान सुक्ने समस्या देखिएको बताउनुभयो । तातोपानीको मुहानमा असर पर्ने सुनिश्चितता गरेरमात्र जलविद्युत् आयोजना बनाउन उहाँहरुले आग्रह गर्नुभयो। अन्नपूर्ण गाउँपालिका-३ र ४ को सिमाना सुकेबगरमा बाँध, चार किलोमिटर ३१९ मिटर सुरुङ र वडा नं २ को सुकेबगरमा भूमिगत विद्युत्गृह प्रस्ताव गरिएको आयोजनाबाट अन्नपूर्णको २, ३, ४, ५ र ६ नम्बर वडा प्रभावित हुनेछ। आयोजना प्रभावित क्षेत्रमा भुरुङ र पाउद्वार तातोपानीको कुण्ड रहेका छन् । बेनी-जोमसोम सडक, अन्नपूर्ण चक्रीय पदयात्रा र मुस्ताङ भ्रमणमा जाने पाहुनाहरुले स्नान गरेर थकान मेटाउने र विभिन्न रोगहरुको उपचारका लागि स्नान गर्ने तातोपानी कुण्ड गाउँपालिकाको आन्तरिक आम्दानीको स्रोत र स्थानीय होटल व्यवसायीको आयआर्जनको माध्यम हो।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकाल नेतृत्वका आइएमई ग्रुपको अगुवाइमा हाइड्रो सपोर्ट प्रालीले यसअघि ५३.५३ मेगावाट प्रस्ताव गरिएको आयोजनाको क्षमता बढाएर ६६.३ मेगावाट बनाउन पूरक वातावरणीय मूल्याङ्कन गर्न लागिएको हो। स्थानीय जनप्रतिनिधि र बासिन्दा तथा अगुवाले तातोपानी कुण्डलाई असर नपुग्ने वैज्ञानिक आधार नभएसम्म आयोजना अघि नबढाउन आग्रह गर्दै जलविद्युत् आयोजनाका कारण असर पुगेमा त्यसको जिम्मेवारी आयोजनाले लिनुपर्ने अडान राखेका छन् । अन्नपूर्ण गाउँपालिका-३ फगामका शुरत केसी र दुर्गादत्त सुवेदी, वडा नं २ ठूलोबगरका विष्णु परियार र लोकबहादुर पुर्जाले आयोजनाका कारण उत्पन्न हुने विपद्को जिम्मेवार आयोजनाले लिनुपर्ने बताउनुभयो । भुरुङ-तातोपानीका अमृतमान शेरचनले कालीगण्डकीकोसभ्यतारसंस्कृतिलाई बचाउनुपर्ने बताउनुभयो । हाइड्रो सपोर्टका अध्यक्ष चन्द्र ढकालले तातोपानी कुण्ड र स्थानीय जनजीवनमा असर नपर्ने र आयोजना बन्ने वातावरण बनाउन आग्रह गर्नुभयो । उहाँले आयोजनाकातर्फबाटतातोपानीको मुहान बचाउने प्रतिबद्धता जनाउनुभयो। वातावरणीय असर न्यूनीकरण र प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्वअन्तर्गत रु नौ करोड ७० लाख २४ हजार विनियोजन गरेको जानकारी गराइएको थियो। कूल रु १२ अर्ब ९३ करोड ६४ लाख ७५ हजार ७३० लागत अनुमान गरिएको आयोजनाको ०.७५ प्रतिशत सामाजिक क्षेत्रमा खर्च गर्ने प्रस्ताव गरिएको छ। सुकेबगरमा बाँध र नागढुङ्गामा अडिट सुरुङ निर्माण सुरु गर्न संरचना तयार पारिएको छ। अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर फगामीले आयोजनाको सामाजिक उत्तरदायित्वको बजेट खर्च गर्ने प्रस्तावित विधिलगायत विषयमा चार बुँदे असहमति पेस गर्नुभएको थियो । यसअघि १४ मेगावाट क्षमताको मिस्त्रीखोला क्यासकेट जलविद्युत् आयोजनाका कारण पाउद्वार तातोपानी कुण्ड सङ्कटमा पर्ने भन्दै स्थानीयवासीले सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेका थिए । सर्वोच्चले स्थानीयवासीका पक्षमा फैसला गरेपछि उक्त आयोजना निर्माण प्रक्रिया रोकिएको छ।

## इजरायल ...

अद्यावधिक गर्ने निर्णय गरेको हो।

बैठकले नेपाली नियोगसँगको समन्वयमा वैदेशिक रोजगारीमा रहेका नागरिकको आवश्यक सुरक्षालाई ध्यान दिई उपयुक्त परामर्श तथा यात्रा सूचना जारी गर्ने निर्णय गरेको मन्त्रालयले जनाएको छ। इजरायल, इरान र प्रभावित छिमेकी मुलुकमा रहेका नेपालीलाई आवश्यकतानुसार राहत, उद्धारदेखि स्वदेश फिर्ता ल्याउनुपर्ने अवस्थाको पनि तयारी र तेस्रो मुलुकको ट्रान्जिट प्रयोग गर्नुपर्ने भएमा छिमेकी देशसँग समन्वय गरी उद्धारका लागि पहल गर्ने बैठकको निर्णय छ। बैठकले परराष्ट्र मन्त्रालयको सहसचिवको संयोजकत्वमा रहेको श्रम आप्रवासन तथा वैदेशिक रोजगार समस्या समाधान कार्यदललाई आपतकालीन प्रतिकार्य टोलीका रुपमा समेत काम गर्ने गरी परिचालन गर्न सिफारिस गरेको छ। सम्बन्धित देशमा रहेका नेपाली नागरिकको सुरक्षा र सहयोगका लागि सुरक्षा कूटनीतिमार्फत आवश्यक पहल गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने, वैदेशिक रोजगारीमा इजरायल, इरान र प्रभावित छिमेकी मुलुकमा जाने नेपालीलाई हवाई टिकट सार्नुपर्ने अवस्थामा सोबापत लाग्ने थप शुल्क छुटको व्यवस्था मिलाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरेको छ।

# ह्याण्डवल प्रतियोगिताको उपाधि छात्र तर्फ पोखरा एकेडेमी र छात्रा तर्फ हिमालयन वोर्डिङ स्कुललाई

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

पोखरामा आयोजना भएको अन्तर बिद्यालय स्तरिय छात्र तथा छात्रा ह्याण्डवल प्रतियोगितामा छात्र तर्फ पोखरा एकेडेमी र छात्रा तर्फ हिमालयन वोर्डिङ स्कुलले उपाधि जितेका छन्।

पोखरा रंगशालामा हालै सम्पन्न भएको उक्त प्रतियोगितामा छात्र तर्फको फाइनल खेलमा पोखरा एकेडेमीले हिमालयन वोर्डिङ स्कुललाई र छात्रा तर्फको फाइनल खेलमा भने हिमालयन वोर्डिङ स्कुलले माउण्ट अन्नपूर्ण माविलाई पराजित गर्दै उपाधि जितेका हुन् । छात्र तर्फ पोखरा लर्नस एकेडेमी र छात्रा तर्फ भने गण्डकी बोर्डिङ स्कुल तेश्रो भएका छन् । विजेता टोलीले नगद १३ हजार, उपविजेताले जनही १० हजार र तेश्रो हुनेले ७ हजार साथमा ट्रफी मेडल प्रमाण पत्र प्राप्त गरे । प्रदेश खेलकुद परिषद गण्डकीको प्रबर्द्धनमा भएको प्रतियोगितामा गण्डकी प्रदेशका पूर्व मन्त्री एवं प्रदेश सभा सदस्य पन्चराम गुरुङ, परिषदका उपाध्यक्ष धोजकुमार गुरुङ, पोखरा



१७ का वडा अध्यक्ष राधिका कुमारी शाही, सदस्य बिक्रम गुरुङ, प्रदेश ह्याण्डवल संघका अध्यक्ष केशव पाठक, जिल्ला अध्यक्ष चित्र थापा लगायतको उपस्थिति रहेको थियो । असार १ गते देखि पोखरा रंगशालामा सुरु भएको प्रतियोगिता सु–शान्त बाल क्लब पोखरा-१७ को व्याबस्थापन र सु–शान्त आमा समुहको आयोजनामा मंगलबार समापन भएको सु–शान्त आमा समुहका अध्यक्ष पवित्रा थापा रेग्मी बताउनु भयो । जिल्ला ह्याण्डबल संघ कास्कीको प्राविधिक सहयोगमा प्रतियोगिता सम्पन्न भएको क्लबका अध्यक्ष एवम निर्देशक परिवेश थापाले बताउनुभयो।

## असार १५ ...

हेमजाका कृषकहरूको सम्मान र युवाहरूलाई कृषिमा प्रोत्साहनका लागि हेमजा हिले महोत्सवलाई निरन्तरता दिएको अध्यक्ष कृष्णमान श्रेष्ठले जानकारी दिए।

महोत्सवको आकर्षणमा पुरुष तथा महिला रस्साकस्सी, पुरुष तथा महिला हिले दौड, घैटो फुटाउने , हिलोमा माछा समात्ने, धान रोप्ने, म्युजिकल बेलुन, हिले नाँच, हल गोरु दौड लगायतका प्रतियोगिता रहेको महोत्सव मुल आयोजक समितिका संयोजक चन्द्रकला पोखरेलले जानकारी दिइन।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# मनाङेको सांसद पद खारेज

मनाङबाट गण्डकी प्रदेशसभा सदस्यमा निर्वाचित राजीव गुरुङ( दीपक मनाङे)को सांसद पद खारेज भएको छ । ज्यान मार्ने उद्योगमा दोषी ठहर भई गएको कात्तिक आन्तिम साता जेल चलान भएका मनाङेको पद रिक्त भएको छ । सर्वोच्च अदालतको संवैधानिक इजालसले उम्मेद्वार हुनसमेत अयोग्य भएको उल्लेख गर्दै गुरुङले विवरण भुक्याएर सांसद बनेको ठहर गरेको छ । गुरुङलाई सर्वोच्च अदालतको संवैधानिक इजलासले फैसला भएको बुधबारबाट लागू हुनेगरी पदमुक्त हुने निर्णय सुनाएको छ। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत तथा न्यायाधीश सपना मल्ल प्रधान, हरि फुयाल, मनोजकुमार शर्मा र कुमार चुडालको संवैधानिक इजलासको निर्णयसँगै मनाङ 'ख'मा उपचुनाव हुने भएको छ ।

संविधानको धारा १८० मा धारा १७८ बमोजिमका योग्यता नभए प्रदेशसभा सदस्यको स्थान रिक्त हुने उल्लेख छ। ६० सदस्यीय गण्डकी प्रदेशसभामा अब ५९ सदस्यमात्र कायम भएका छन्। धारा १७८ को उपधारा १ (घ) मा संसदका योग्यतामा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको हुनुपर्ने उल्लेख छ । पहिलो निर्वाचनमा उमेदवार हुन अयोग्य भएका मनाङेले स्वतन्त्र भएर चुनाव जितेका थिए ।जता बहुमत पुग्छ त्यतै लागेर मन्त्री पड्काउन सकेका थिए ।राजनीतिमा अपराध गरेपनि चुनाव लड्न पाउने छिद्रा खोजेर मनाङे जस्ता पात्रका कारण डनवाद हावी भएको छामनाङे जस्ता जेलमा बस्नुपर्ने मन्त्री बनेर सलामी खाने अवस्थाको तत्कालका लागि सर्वोच्चले रोक लगाएको छाराजनीतिक दलले मनाङे प्रबृत्ति नहटाएसम्म जनताले असल र ईमान्दार चुन्न पाउने छैनन् ।

मनाङबाट गण्डकी प्रदेशसभा सदस्यमा निर्वाचित राजीव गुरुङ( दीपक मनाङे)को सांसद पद खारेज भएको छ । ज्यान मार्ने उद्योगमा दोषी ठहर भई गएको कात्तिक आन्तिम साता जेल चलान हुनुभएका मनाङेको पद रिक्त भएको हो । सर्वोच्च अदालतको संवैधानिक इजालसले उम्मेद्वार हुनसमेत अयोग्य भएको उल्लेख गर्दै गुरुङले विवरण भुक्याएर सांसद बनेको ठहर गरेको हो। गुरुङलाई सर्वोच्च अदालतको संवैधानिक इजलासले फैसला भएको मिति (बुधबार) बाट लागू हुनेगरी पदमुक्त हुने निर्णय सुनाएको छ । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत तथा न्यायाधीश सपना मल्ल प्रधान, हरि फुयाल, मनोजकुमार शर्मा र कुमार चुडालको संवैधानिक इजलासको निर्णयसँगै मनाङ 'ख'मा उपचुनाव हुने भएको छ ।

संविधानको धारा १८० मा धारा १७८ बमोजिमका योग्यता नभए प्रदेशसभा सदस्यको स्थान रिक्त हुने उल्लेख छ। ६० सदस्यीय गण्डकी प्रदेशसभामा अब ५९ सदस्यमात्र कायम भएका छन् । धारा १७८ को उपधारा १ (घ) मा संसदका योग्यतामा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको हुनुपर्ने उल्लेख छ । गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले सर्वोच्चको पत्र आएपछि पद खारेजी प्रक्रिया हुने उल्लेख गर्नुभयो। "अहिलेसम्म त मिडियामा देखियो। पत्र आएपछि प्रक्रिया सुरु हुन्छ," उहाँले भन्नुभयो। गएको मङ्सिरमा भएको उपनिर्वाचनभन्दा १९ दिनअघि उहाँ पक्राउ पर्नुभएको थियो । मनाङे मनाङ (२) बाट स्वतन्त्र उम्मेदवारी दिई निर्विरोध चुनिनुभएको थियो । अघिल्लो निर्वाचनमा पनि उहाँ सोही क्षेत्रबाट प्रदेशसभा सदस्य बन्नुभएको थियो । प्रदेशमा भइरहने सत्ता गठबन्धन परिवर्तनमा उनी पटक पटक गरी छ पटक मन्त्री बनेका थिए । कहिले नेकपा, कहिले एकीकृत समाजवादी प्रवेश गरेका उनी संसद सचिवालयमा भने स्वतन्त्र संसदकै हैसियत थियो ।

कुनै सदस्यको पद रिक्त भएमा गण्डकी प्रदेशसभा नियमावली २०८० को नियम २०१ बमोजिम सभामुखले सोको जानकारी सभालाई दिनुपर्ने प्रावधान छ। बैठक चालु नरहेको अवस्थामा त्यस्तो जानकारी सभामुखले सूचनापत्रमा प्रकाशन गर्न लगाउने व्यवस्था छ। प्रदेशसभा सदस्यको स्थान रिक्त भएको जानकारी प्रदेश सचिवले मन्त्रिपरिषद् र निर्वाचन आयोगलाई दिई सूचना राजपत्रमा प्रकाशन गराउने व्यवस्थासमेत नियमावलीमा छ । मनाङेलाई यसअघि उच्च अदालत पाटनले २०६९ मा ज्यान मार्ने अभियोगमा पाँच वर्ष कैद हुने फैसला गरेको थियो । दुई पटक गरी ३२ महिना जेल बसिसकेका उनी । कैद भुक्तानका लागि अब २० महिना जेल बस्नुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बड्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मानसिक तनाब | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दलित युवालाई सीप सिकाउँदै तमानखोला गाउँपालिका

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ असार

तमानखोला गाउँपालिकाले दलित समुदायका युवालाई आयआर्जनसँग जोड्न बाँसका सामग्री बनाउने तालिम दिन थालेको छ । गाउँमा पाइने बाँस तथा निगालेलाई उपयोग गरी युवालाई उद्यमी बनाउने उद्देश्यले तालिम दिन थालिएको हो ।

उच्च पहाडी क्षेत्रमा पर्ने तमानखोलामा पर्याप्त बाँस तथा निगालो पाइने हुँदा तालिमबाट सीप सिकेर त्यसलाई आयआर्जनको माध्यम बनाउन सकिने छ । बुढापाकाले वर्षौंदेखि परम्परागत रुपमा ढालो, नाङ्लो, डोरी लगायत सामग्री बनाएर प्रयोग गर्दै आए पनि बिक्री कम हुँदै आएको थियो ।

बजारमा बिक्ने सामग्री निर्माण गरेर युवालाई उद्यमी बनाउने उद्देश्यले तालिम दिइरहेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले बताउनुभयो । पालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु चार लाख ७५ हजारले युवालाई तालिम दिएको उहाँले जानकारी दिनुभयो । ललितपुरबाट प्रशिक्षक झिकाएर १५ दिने तालिम दिइरहेको अध्यक्ष बुढा मगरले बताउनुभयो । उहाँले भन्नुभयो, "बाँसबाट गाउँमा अहिले बुढापाकाले विभिन्न सामग्री बनाउने गर्नुहुन्छ, उहाँहरुले बनाए पनि घरायसी प्रयोजनका लागि मात्रै प्रयोग हुन्छ, बजारमा लगेर बिक्री गर्ने प्रचलन कम भएकाले पुस्ताले त्यसतर्फ केन्द्रित गर्न खोजेका छौं । युवालाई बाँसबाट आकर्षक सामग्री बनाउन सिकाएर उद्यमी बन्न प्रेरित गरिरहेका छौं, उहाँहरूले सीप सिकेर उत्पादन गर्न थाल्नुभयो भने त्यसको बिक्रीमा समस्या भए पालिकाले सहजीकरण गर्नेछ ।" तालिममा गाउँपालिकाका छ वटै वडाका युवाहरू सहभागी छन् । युवालाई फोटो फ्रेम, कुर्ची र टेबललगायत सामग्री बनाउने सीप सिकाइने अध्यक्ष बुढामगरले उल्लेख गर्नुभयो । सीप सिकेर युवाले सामग्री बनाउन थालेपछि वनजङ्गलमा खेर गइरहेका बाँस र निगालो प्रयोगमा आउने उहाँको भनाइ छ । तालिममा सहभागी धनीराम घमालले बाँसको चुयाबाट आकर्षक सामग्री बन्ने भएकाले प्रशस्त आम्दानी गर्न सकिने बताउनुभयो । आफूले पहिलेदेखि मुढा बनाउने गरेको भन्दै अहिले तालिमबाट थुप्रै प्रकारका सामग्री बनाउन सिकिरहेको उहाँले उल्लेख गर्नुभयो । तालिमपछि बाँसका सामग्री बनाएर आफ्नै आयआर्जन सर्न सकिने आत्मविश्वास बढेको उहाँले बताउनुभयो । "हाम्रो गाउँघरमा पाइने बाँसबाट प्रयोगमा आउने आकर्षक सामान बनाउन सकिन्छ । अहिलेसम्म हामीले मेसो पाएका थिएनौं, प्रशिक्षक सरले आकर्षक सामान बनाउन सिकाउनुभएको छ । आगामी दिनमा बाँसका सामग्री बनाएर बिक्री गर्ने योजना छ", घमालले भन्नुभयो, "आर्थिक अवस्था कमजोर छ, पालिकाले सहयोग गऱ्यो भने सानोतिनो उद्यम गर्ने योजना छ ।"

# जाइका नेपाल प्रमुखको टोलीद्वारा तनहुँ जलविद्युत आयोजना निरीक्षण

**पोखरापत्र संवाददाता**
दमौली, ४ असार

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) नेपाल प्रमुखको टोलीले आज अनुगमन गरेको छ ।

जाइका नेपाल कार्यालयका प्रमुख मात्सुजाकी मिजुकी नेतृत्वको टोलीले आयोजनाको स्थलगत निरीक्षण गर्दै हालसम्मको प्रगतिबारे जानकारी लिएको छ । जलविद्युत् आयोजनामामा जाइकाको लगानी रहेको छ । टोलीले आयोजनाका प्याकेज-१ र २ अन्तर्गतका निर्माणाधीन संरचनाको स्थलगत निरीक्षण र आयोजना प्रमुख, आयोजनासुपरीवेक्षणपरामर्शदाताका प्रमुखलगायतसँग छलफल गरेको छ। अनुगमन टोलीलाई आयोजना प्रमुख श्यामजी भण्डारीले हालसम्मका प्रगतिबारे जानकारी गराउनुभयो । आयोजनाको तीन वटा प्याकेजमा काम भइरहेको छ । भण्डारीका अनुसार प्याकेज एक अन्तर्गत बाँध निर्माणमा ४२.५ प्रतिशत, प्याकेज दुई अन्तर्गत भूमिगत विद्युत्गृहमा ६७ र प्याकेज तीन अन्तर्गत प्रसारण लाइन निर्माणमा ७४ प्रतिशत प्रगति भएको छ ।

आयोजनाको समग्र निर्माण विसं २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको व्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडीबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैङ्कले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# "भोलिको प्रगतिको लागि: एउटा सानो कदम" कार्यक्रम सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार



पूर्व मादी गाँउपालिका, पश्चिम माटेपानी, उत्तर वडा नं. २०, ११ साथै दक्षिणमा वडा नं. २६, १४, २८ र १० को बीचमा रहेको वडा हो नं १३ ।

यो शैक्षिक सामाजिक, धार्मिक, प्राकृतिक तथा ऐतिहासिक मूल्य मान्यता बोकेको महानगरपालिका भित्रका उत्कृष्ट वडा बन्ने यात्रामा लम्केको वडा हो । धार्मिक र सांस्कृतिक विशेषताले भरिपूर्ण यस वडाभित्र श्री गणेश तथा भद्रकाली मन्दिर, कमलपोखरी रामसार क्षेत्र, जामे मस्जिद अकसा, महाप्रभुधाम, रतनपाण्डे मन्दिर अमित गुम्बा विजयपुर, राधाकृष्णमन्दिर आदि धार्मिक आस्था र विश्वास बोकेका सम्पदाहरू रहेका छन् । सबै वडाबासी तथा यस वरपरका क्षेत्रका नागरिकमा शिक्षाको पहँच पुगोस् भन्ने उद्देश्यले वडाभित्र विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयहरू रहेका छन् । यिनै सामुदायिक विद्यालयका भौतिक पूर्वाधार विकास र शैक्षिक गुणस्तर वृद्दि साथै संस्थागत विद्यालयका शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्नमा वडा कार्यालय वडा शिक्षा समितिमार्फत कटिबद्ध छ । समग्र वडाभित्रको शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि सरोकारवालासँग बृहत् छलफल र अर्न्तक्रियाबाट प्राप्त सुझावलाई आधार लिएर सार्वजनिक र संस्थागत विद्यालयको विकास र समन्वयका लीग अपनाउनु पर्ने शैक्षिक भूमिका तयार गरेको छ । वडाले कमजोर तथा अशक्त परिवारका बालबालिका शैक्षिक सामग्रीको अभावमा पठन पाठनमा असुविधा नपरोस् र शिक्षाको पहुँचबाट कुनै बञ्चित हुन नपरोस् भन्ने अभियानलाई साकार पार्न भोलिको प्रगतिको लागिः एउटा सानो कदम नामक कार्यक्रमसँग सहकार्य गरेको छ । यस कार्यक्रममार्फत वडा नं १३ भित्रका ७ ओटा सामुदायिक विद्यालयमा अध्ययनरत केही बालबालिकाहरू आर्थिक अवस्था कमजोर परिवारका भएकाले उनीहरू विद्यालयमा शैक्षिक सामग्री विना नै आउने गरेका थुप्रै उदाहरण रहेका सन्दर्भमा ती बालबालिकाहरूका लागि आवश्यक पर्ने शैक्षिक सामग्री उपलब्ध गराउने उद्देश्य र पठनपाठन तथा सिकाइमा थोरै भए तापनि सहजता होस् भन्ने अभिप्रायबाट "भोलिको प्रगतिको लागिः एउटा सानो कदम" नामक कार्यक्रम आजभन्दा ठिक दुई महिना अगाडि प्रारम्भ भएको थियो ।

यो कार्यक्रम यस क्षेत्रको उज्यालोका लागि सहकार्य हो । प्रगतिको दिशामा गर्न खोजिएको एउटा पवित्र पहल हो र शितल सम्बोधन पनि हो । यस कार्यक्रमको मुख्य कार्यक्षेत्र पोखरा महानगरपालिका वडा नं १३ भित्र रहेका सामुदायिक विद्यालयहरू हुन । यस कार्यक्रमबाट विद्यालयको शैक्षिक वातावरण थप प्रगतिशील हुने छ र समावेशीताको माध्यमबाट बालबालिकाको उज्ज्वल भविष्यको आधार तयार गर्ने छ । सिकाइमा आत्मविश्वास तथा अवसर विस्तार गर्न र शैक्षिक यात्रालाई अझै सरल बनाउन मद्दत पुग्ने अपेक्षा राखिएको छ । यस कार्यक्रममा गरिब र कमजोर तथा अशक्त परिवारका बालबालिकालाई प्राथमिकता दिइने छ । शिक्षाको पहुँच सबैका लागि समान बनाउन यसले महत्त्वपूर्ण भूमिका खेल्ने छ । यस कार्यक्रमबाट एक कदम अगाडि वढेर विद्यालयको शैक्षिक वातावरणलाई अझै सक्रिय र प्रेरणादायक बनाउने छ । निष्कर्षः यस कार्यक्रमले विद्यालय शिक्षा स्तर उकास्न र बालबालिकाको समग्र विकासमा योगदान गर्ने छ । साथै समुदायमा सकारात्मक परिवर्तन ल्याउने छ ।

यस कार्यक्रममार्फत सिद्धार्थ प्राथमिक विद्यालय, सिमला प्राथमिक विद्यालय, अमरज्योति आधाभूत विद्यालय, विजया आधारभूत विद्यालय, रतन पाण्डे माध्यमिक विद्यालय, आर्वा विजय माध्यमिक विद्यालय र भद्रकाली माध्यमिक विद्यालयका गरी जम्मा ६० जनाभन्दा वढी विद्यार्थीलाई एक वर्षलाई पुग्ने गरी शैक्षिक सामग्रीको रूपमा कपि, कलम, पेन्सिल, जोमेट्रीबक्स, ड्रोइङ्ग कपी, ड्रोइङ्ग वक्स आदि उपलब्ध गराइएको छ । सो कार्यक्रमलाई विशेष गरेर भद्रकाली माध्यमिक विद्यालयमा अध्ययन गरेर विदेशमा बसोबास गर्दै आउनु भएका महानुभावहरू खेम सिंजाली हाल नेपाल, सन्दिप सुनार हाल पोर्चुगल, दिपक तिवारी हाल स्पेन, आनन्दमोहन खनाल हाल अमेरिका, बन्दना भण्डारी हाल अमेरिका, उमर गुरूङ हाल न्युजिल्यान्डबाट सात हजारको दरले र नाम नखुलाउने हाल जापानमा कार्यरतबाट २१,०००/-सहयोग प्राप्त भएको जानकारी "भोलिको प्रगतिको लागिः एउटा सानो कदम" नामक कार्यक्रमका परिकल्पनाकार राजेन्द्र भण्डारीले दिनुभयो । सो कार्यक्रमको अन्तिम शैक्षिक सामग्री वितरण तथा पहिलो चरणको समापन कार्यक्रम भद्रकाली माध्यमिक विद्यालयमा अध्ययनरत पच्चिस जना बालबालिकाहरूलाई पोखरा महानगरपालिका वडा नं. १३ का अध्यक्ष किरण बरालले प्रदान गरी समापन गर्नुभयो । कार्यक्रममा भद्रकाली माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिपक गुरुङ माइलाले शैक्षिक सामग्री प्रदान गर्दै यस किसिमको कार्यले साच्चै नै अभिभावकलाई शीतलता प्रदान गर्ने र विद्यार्थीको पठन पाठनमा सक्रिय हुने विश्वास राख्नुभयो । अभिभावक तथा शिक्षकहरूलाई यी शैक्षिक सामग्रीको पूर्ण प्रयोगमा जोड दिन अनुरोध गर्नुभयो । साथै कम्तिमा महिनामा एक पटक विद्यालय आउन र आफ्ना बावुनानीको पठन पाठनमा बुझ्न अनुरोधसमेत गर्नुभयो । कार्यक्रममा समाजसेवी डम्बरबहादुर श्रेष्ठ, प्रा. रामगोपाल ढेवाजू, जनप्रतिनिधि सुचिता तमाङ, वलबहादुर बराल, शिक्षा समिति सदस्य कुमार केसी, रामकुमारी पौडेल, भद्रकाली माध्यमिक विद्यालय शिक्षक अभिभावक सङ्घकी सदस्य हरीकला श्रेष्ठ शिक्षक शान्ति केसी, जीवन वुढाथोकी सरीता गिरी लगायत शिक्षक र अभिभावकहरूको उपस्थिति रहेको कार्यक्रम कार्यक्रमका परिकल्पनाकार राजेन्द्र भण्डारीले सञ्चालन गर्नुभएको थियो ।

# जन्मोत्सवमा भगवती स्कुलमा लाखौंको अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

पोखरा-२२ घर भै हाल रत्नचोक पोखरा निवासी हनरी क्याप्टेन कर्णवहादुर गुरूङले ८४ वर्ष प्रवेशको अवसरमा फजुल खर्च गरी जन्मोत्सव मनाउनु भन्दा आफ्नो गाऊमा आधार भूत तहमा अंग्रेजी माध्यममा गुणस्तरीय र प्रतिस्पर्धी शिक्षाको वातावरण श्रृजना गर्न पोखरा-२२, कालाबाङ घरेडी स्थित श्री भगवती आधारभूत विद्यालयमा धर्मपत्नी स्व. मिनकुमारी गुरूङको स्मृतिमा रू २ लाख ११ हजारको अक्षयकोष स्थापना गरेका छन् ।

सोही समारोहमा पोखरा-२२ भुम्दी देउराली स्वाँरा घर भै हाल यू.के. निवासी कुशुम गुरूङ



र प्रदिप गुरूङवाट पनि स्व. मिनकुमारी गुरूङको स्मृतिमा रू १ लाख ५ हजारको छुट्टै अक्षयकोष स्थापना गरेका हुन् ।

यस अघि क्याप्टेन कर्ण वहादुर गुरूङले आफ्ना स्व. बुबाआमा र धर्मपत्नीको स्मृतिमा ७४ हजार र छोरी जुवाईले २१ हजारको अक्षयकोष स्थापना गरिसकेकाछन्। अक्षयकोषदाताहरुको अनुकरणीय कार्यका लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रकाशचन्द्र गुरुङले सबैको सहयोगले विद्यालयको तर्फवाट हार्दिक आभार सहित धन्यवाद व्यक्त गरेका थिए ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ छबिसे कुलो संरक्षण योजना निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः छबिसे कुलो संरक्षण योजना

ठेगानाः पोखरा-१४, विपी मार्ग

योजना सम्झौता मितिः २०८१/१२/३१ गते

योजना शुरु मितिः २०८१/१२/३१ गते

योजना सम्पन्न हुने मितिः २०८२/०३/१५ गते

योजना सम्पन्न भएको मितिः २०८२/०२/२६ गते

योजनाको कुल लागतः रु. ८,२३,५२९.४१

महानगरपालिकाबाटः रु. ७,००,०००|-

जनसहभागिताबाटः रु. १,२३,५२९.४१

निर्माण समिति अध्यक्षः धन कुमारी गुरुङ मो. ९८४६०५४९९२

निर्माण समिति सदस्य संख्याः ७ महिलाः ३, पुरुषः ४

**छबिसे कुलो संरक्षण योजना निर्माण उपभोक्ता समिति**
**पोखरा-१४, विपी मार्ग**

# अर्जुनचौपारीको नीति तथा कार्यक्रम

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ४ असार

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकामा १७औ गाउँसभा शुरु भएको छ । पालिकाले असार २ गतेबाट गाउँसभा शुरु गरेको हो । १७औ गाउँसभा अधिवेसनको शुभारम्भ गर्दै गाउँपालिका अध्यक्ष प्रकाश तिवारीले नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन् ।




नीति तथा कार्यक्रममा आर्थिक बर्ष २०८२/०८३ बाट पालिकामा 'एक टोल, एक काठे गाई' प्रवर्द्धनको अवधारणा अगाडी सारेका छन् । गाउँघरमा गाई पाल्ने प्रचलन हराउदै जान थालेसगै काठे गाई पनि संरक्षणको अभावमा हराउन थालेपछि गाउँपालिकाले नीति तथा कार्यक्रम मार्फत गाई पालनलाई व्यवसायीकरण गर्ने नीति अगाडी सारेको छ । हिन्दु परम्परा र संस्कार अनुसार गाईको गहुँत र गोबर आवश्यक पर्ने तर गाउँघरमा गाई पाल्ने प्रचलन हराउन थालेपछि अध्यक्ष तिवारीले काठे गाईलाई युवा लक्षित पशुपालन प्रवर्द्धनमा जोड्ने गरी नीति तथा कार्यक्रम अगाडी सारेको बताएका छन् ।

पालिकालाई कृषि र पशुपालनमा हब बनाउन पालिकाले संचालन गर्दै आएको नवग्रह कृषि फार्मलाई थप व्यवस्थित बनाउन एकिकृत कृषि प्रणाली तथा जैविक सगै प्रविधिमैत्री कृषिमा जोड दिने नीति अगाडी सारेको उल्लेख गरिएको छ । अध्यक्ष तिवारीले गाउँसभामा पेश गरेको नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, पर्यटन, खानेपानी र कृषिमा बढी जोड दिने नीति अगाडी सारेका छन् । प्रत्येका विद्यालयमा सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोक्ने, नागरिकलाई टेवा, घर–घरमा स्वास्थ्य सेवा लागुगर्ने, स्वच्छ खानेपानी, सुरक्षित जिन्दगानी कार्यक्रम अगाडी सार्ने लगायतका गाउँवासीको अत्याआवश्यकतालाई नीति तथा कार्यक्रममा जोड दिइएको छ ।

पर्यटन, ग्रामिण सडकलाई प्रथामिकतामा राखेर वितरणमुखी कार्यक्रम भन्दा आवश्यकतालाई सबैभन्दा बढी जोड दिनेगरी नीति तथा कार्यक्रममा अध्यक्ष तिवारीले जोड दिएका छन् । गाउँपालिकावासीहरूले अनुमोदन गरेको कार्यकालको तेस्रो वर्ष सफलतापूर्वक पूरा गरी तीनवर्षको अवधिमा वितरणमुखी कार्यक्रमहरू, अनावश्यक संरचना निर्माण र फजुलखर्चलाई नियन्त्रण गरी बचत भएको स्रोतलाई शिक्षा, स्वास्थ्य र पूर्वाधारजस्ता दीर्घकालीन महत्वका क्षेत्रहरुमा लगानी गर्दा सकारात्मक परिणाम आएको सबैका सामु स्पष्ट भएको अध्यक्ष तिवारीले उल्लेख गरेका छन् । आन्तरिक राजस्व १६ प्रतिशतले बृद्धि भएको र वित्तिय अनुशासनकै कारण लिजा साथै एफआए, स्थानीयतह संस्थागत क्षमता स्वमुल्याङ्कन, स्थानीइतह वित्तिय सुशासन जोखिममा पहिलो हुन सफलता मिलेको उल्लेख गरिएको छ । गाउँपालिकाको सेवा प्रवाहलाई अझै नागरिकको पहुँचमा पुऱ्याउन सहजता प्रदान गर्ने नीति अगाडी सारिएको छ ।

स्थानीय जडिबुटीको महत्व उपयोग गरी आगामी वर्ष पालिकास्तरमै आयुर्वेद औषधीको उत्पादन, आयुर्वेद गाउँघर क्लिनिक, योग तथा नागरिक आरोग्य कार्यक्रम मार्फत् नागरिकमा प्रतिरोधात्मक क्षमताको अभिवृद्धि लक्ष्य, तीनलाख पर्यटक भित्राउने गड्यौली खोलामा निर्माणाधिन म्याथ म्याटिकल र बोटानिकल पार्कलाई विद्यार्थीहरुको शैक्षिक गन्तव्यका साथ साथै पिकनिक स्पटको रुपमा व्यवस्थित गर्ने, नेपालकै पहिलो नवग्रह मन्दिर, साउन्ड हिलिङ सेन्टर र थाप्ले खेल मैदानलाई पूर्वाधार विस्तार, सशक्त प्रवर्द्धन, स्तरीय सेवा र स्थानीय संलग्नता मार्फत पालिकाका प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्ने नीति तथा कार्यक्रममा पालिकाले समेटेको छ ।

प्रथम वर्षमा विद्यार्थी र आन्तरिक तथा बाह्य गरी कम्तिमा तीनलाख पर्यटक भित्राउने गरी प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने र जलवराह धार्मिक वन क्षेत्रलाई नेपालकै उत्कृष्ट धार्मिक पर्यटनको गन्तव्यको रुपमा विकास गर्ने लक्ष्य पालिकाका रहेको छ । आगामी वर्ष अर्जुनचौपारी गाउँपालिकामा प्रथम पटक खनिजको उपलब्धताका सम्बन्धमा अनुसन्धान, खनिज पदार्थको पहिचान र उत्खनन् कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गरी खनिज सम्पदाको दिगो, पारदर्शी र उत्तरदायी व्यवस्थापन मार्फत् गाउँपालिकाको आर्थिक समृद्धि र जनजीविकामा गुणात्मक परिवर्तन ल्याउने गरी अध्ययनको थालनी गर्ने कार्यक्रम नीति तथा कार्यक्रममा समेटिएको छ ।

सबै वडा कार्यालयलाई पालिका केन्द्रसँग पक्की सडकले जोड्ने प्रतिबद्धता अनुरूप आगामी बर्ष सबै वडामा कालोपत्रे पुऱ्याउने लक्ष्यलिएको छ । आगामी वर्ष कम्तिमा दुई वटा वडालाई बालमैत्री घोषणा गरी बालमैत्री, पोषणमैत्री एवम् अपाङ्गमैत्री पूर्वाधार तथा संरचनाको निर्माण गरिने उल्लेख गरिएको छ । 'साझा प्रतिवद्धता, साझा जिम्मेवारी–हामी सबैको सपना समुन्नत अर्जुनचौपारी' भन्ने नारालाई आत्मसाथ गरेर पालिकाको बृहत विकासमा सबैको सहयोगको अपेक्षा पालिका अध्यक्ष तिवारीले पेश गरेको नीति तथा कार्यक्रममा उल्लेख गरेका छन् । असार १० गते सम्म नीति तथा कार्यक्रम ल्यानुपर्ने नीति अनुरुप यो पालिकाले असार २ गतेबाट अधिबेशन सुरु गरेको थियो । अर्जुनचौपारी गण्डकीमै पहिलो नीति तथा कार्यक्रम ल्याउने पालिका समेत हो ।

# लेकगाउँमा 'एक घर एक धारा' खानेपानी विस्तार

**पोखरापत्र संवाददाता**
बेनी, ४ असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको लेकगाउँमा 'एक घर, एक धारा' खानेपानी विस्तार भएको छ ।

लेकगाउँ खानेपानी तथा सरसफाइ आयोजनामार्फत गाउँका ८६ घरधुरी, एक विद्यालय र दुई सामुदायिक भवनमा शुद्ध खानेपानीको पहुँच विस्तार गरिएको हो । लेकगाउँ खानेपानी आयोजना सम्पन्न भएसँगै सबै घरमा शुद्ध खानेपानीको सुविधा पुगेको निर्माण उपभोक्ता समितिका अध्यक्ष सोमबहादुर रञ्जितजाले बताउनुभयो ।

"घरघरमा निर्माण भएका धारामा पानी आउन थालेको छ, मुहानदेखि ट्याङ्की हुँदै धाराका पूर्वाधार बनाउँदा पानी सुरक्षालाई ध्यान दिइएको छ, घरघरमा खानेपनीको सुविधालाई स्थानीयवासीलाई सहज भएको छ", अध्यक्ष रञ्जितजाले भन्नुभयो । गोर्खा वेल्फेयर ट्रष्टको आर्थिक तथा प्राविधिक सहयोग र समुदायको श्रमदानबाट लेकगाउँमा खानेपानी आयोजना निर्माण भएको हो । मङ्गलबार एक समारोहका बीच नवनिर्मित खानेपानी आयोजनालाई समुदायमा हस्तान्तरण गरिएको छ । गत चैत २९ गतेदेखि निर्माण सुरु भएको यस आयोजना दुई महिनामै निर्माण सम्पन्न गरी समुदायलाई हस्तान्तरण गरिएको गोर्खा वेल्फेयर ट्रष्टका नारच्याङ खानेपानी आयोजना प्रमुख सन्तापसिंह राईले जानकारी दिनुभयो । उहाँका अनुसार खानेपानी आयोजना निर्माणका लागि ट्रष्टको रु ५० लाख ५४ हजार ३०४ र स्थानीयवासीको १० लाख ९२ हजार ८०० बराबरको श्रमदान गरी कूल रु ६१ लाख ४७ हजार एक सय चार लगानी भएको छ । आयोजनाले इन्टेक, कलेक्सन च्याम्बर, बिपिटी, आरबिटी, वितरण च्याम्बरलगायतका पूर्वाधारसँगै मुख्य र वितरण पाइपलाइनमार्फत घरघरमा धारा निर्माण गरेर खानेपानी वितरण सुरु गरेको छ ।

आयोजनाले स्थानीय क्रान्ति आधारभूत विद्यालयमा खानेपानीको धारासँगै अपाङ्गमैत्री शौचालय निर्माण गरिदिएको छ । नेपाल सरकारले लागू गरेको खानेपानी सुरक्षा योजनालाई पूर्णरुपमा पालना गरी मुहानदेखि नै खानेपानी योजनाका पूर्वाधारलाई सुरक्षित, व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास गरिएको आयोजनाका इञ्जिनियर उत्तमलाल श्रेष्ठले जानकारी दिनुभयो । "हामीले खानेपानी आयोजना बनाउने मात्रै होइन, उपभोक्तालाई सुरक्षित र स्वच्छ खानेपानी दिनुपर्छ भन्ने मान्यता अनुरुप पूर्वाधार निर्माणमा गुणस्तरीयता र आयोजनाको सुरक्षालाई ध्यान दिएका छौं", उहाँले भन्नुभयो । यस आयोजनाको मूलमा बाढीले असर नगर्ने प्रविधिलाई प्रयोग गरिएको छ भने पानी ट्याङ्कीहरुमा बाहिरबाट कुनै पनि फोहरभित्र पस्न नसक्ने गरी सावधानी अपनाइएको छ ।

आयोजना निर्माण सुरु भएको दुई महिनाको अवधिमै सम्पन्न भई धाराबाट पानी आउन थालेपछि स्थानीयवासीहरू उत्साहित भएका छन् । गाउँको शिरानमा रहेको पानीखाना मूलबाट पानी ल्याएर १० हजार र छ हजार लिटरका दुई वटा पानी सङ्कलन ट्याङ्की निर्माण गरेर घरघरमा पानी वितरणको व्यवस्था मिलाइएको आयोजनाका सुपरभाइजर जमूना जिरेलले जानकारी दिनुभयो ।

यस आयोजनामा खानेपानीमा शुद्धता कायम गर्न मूल र पानी ट्याङ्कीहरुको संरक्षण गरिएको छ । योजनाका दिगोपानका लागि स्थानीय उपभोक्तालाई निर्माण कार्यमा परिचालन गर्नुका साथै मर्मत सम्भार तालिम प्रदान गरिएको छ ।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८२।०३।०४

कास्की जिल्ला मौजै बाटुलेचौर ९/३७ नं. का जि.मु. चंद्र वहादुर थापा छेत्रीको गडुल धोज थापा क्षेत्री जिम्मा साविक १९९१ सालको पाखोतर्फको मोठ लगत उतार बमोजिम मोठ नं. ६०७ द.नं. ७ डंवर बहादुर थापा छेत्रीको नाउँमा साविक दर्ता भएको भू.सु. ७ नं. फाराममा लगत दिएको, २०३२ सालसम्मको तिरो मोती वहादुर थापाले तिर्नुभएको सर्भे नापीमा लामाचौर -८ को कि.नं. ६७६ र ६७७ क्षे.फ. क्रमसः ०-६-१-१ र ०-१४-१-३ विरहमा क्रमशः मकै, धान किसिममा क्रमशः दोयम, चाहार भएको जग्गा फिल्डबुकमा मेरा बाबा सिव प्रसाद पाध्याका नाउँमा कायम भएको, प्रेम बहादुर थापाले आफ्नो अंशबाट भूमि दान गरि शिब प्रसाद पाध्या तिम्सिनाको नाउँमा दिएको प्रेम बहादुर थापाको छोरा भोज बहादुर थापा र टुक बहादुर थापाले मालपोत कार्यालय कास्कीमा उपस्थित भई हकदावी छोडपत्र गरेको हुँदा मेरा बाबा सिव प्रसाद पाध्या तिमिल्सिनाको नाउँमा कित्ता काट भै दर्ता श्रेस्ता हुन छुटेको, सिव प्रसाद पाध्या र शिव प्रसाद पाध्या तिम्सिना भन्ने व्यक्ति एउटै हो भनि वडा सिफारिसबाट खुलि आएको, मेरा बाबा शिव प्रसाद पाध्या तिम्सिनाको मिति २०३९।११।०७ मा मृत्यु भएको मृतकको नजिकको हकदारमा एक मात्र श्रीमती मेरी आमा लक्ष्मी देवी तिम्सिनाको मिति २०८०।०३।२४ मा मृत्यु भएको मृतक दम्पत्तिबाट ४ भाई छोरा र २ छोरीको जायजन्म भएकोमा छोरीहरुको विवाहदान भैसकेको उक्त जग्गाको नजिकको हकदारमा ४ भाई छोरा दिनेश शर्मा, जगन्नाथ तिम्सिना, मुक्तिराम तिम्सिना र सुन्दर प्रसाद तिम्सिना भएकोमा दिनेश शर्मा, मुक्तिराम तिम्सिना, सुन्दर प्रसाद तिम्सिना समेतले मालपोत कार्यालय कास्कीमा उपस्थित भई हकदावी छोडपत्र गरेकाले उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १६ बस्ने जगन्नाथ तिम्सिनाले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | लामाचौर | ८ | ६७६ | ०-६-१-१ | मकै | दोयम | सिव प्रसाद पाध्य |
| कास्की | लामाचौर | ८ | ६७७ | ०-१४-१-३ | धान | चाहार | |

ईति संवत २०८२ साल आसाढ ०४ गते रोज ४ शुभम् ।

# कन्या क्याम्पसका छात्राहरुलाई मन्टेश्वरी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

कन्या क्याम्पस पोखरामा अध्ययनरत छात्राहरुका लागि ३ महिने मन्टेश्वरी तालिमको उद्घाटन भएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष शिवलाल मल्लले छात्राहरुलाई व्यावहारिक ज्ञान प्रदान गर्न तालिमको आयोजना गरिएको बताए ।

कार्यक्रमका प्रमुख अतिथी तथा सांग्रिला बिकास बैंक गण्डकी प्रदेशका प्रदेश प्रमुख



रेबन्त श्रेष्ठले बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत यस्तो महत्वपूर्ण सहयोग प्रदान गरेको बताउदै आगामी दिनहरुमा पनि सहयोग निरन्तर रहने प्रतिवद्धता व्यक्त गरे । तालिमका प्राविधिक सहयोगी संस्था पोखरा मन्टेश्वरी तालिम केन्द्रका सञ्चालक तथा प्रमुख प्रशिक्षक कल्पना थापाले तालिम पूर्णरुपमा सम्पन्न गर्ने सहभागीहरूलाई रोजगारीको सुनिश्चितता गर्ने प्रतिवद्धता व्यक्त गरे ।

क्याम्पस प्रमुख सुरेस कुमार मानन्धरले क्याम्पसको परीक्षाहरूमा उत्कृष्ट नतिजा प्राप्त भैरहेकोमा छात्राहरुलाई व्यावसायिक ज्ञानका साथ उद्यमशिलता प्रवर्द्धन गर्नका लागि पनि यस प्रकारको तालिमहरू आयोजना गरिरहेको बताए । विश्व विद्यालय अनुदान आयोग र सांग्रिला विकास बैंकको आर्थिक सहयोगमा सञ्चालन गरिएको उक्त तालिममा २८ जना छात्राहरूको सहभागिता रहेको छ ।

उक्त तालिम उद्घाटन कार्यक्रममा प्राध्यापक संघका सभापति दिनानाथ अधिकारी, अभिभावक समितिका अध्यक्ष शिवराज पराजुली लगायतका वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए । उक्त कार्यक्रमलाई सहायक क्याम्पस प्रमुख चित्रबहादुर श्रेष्ठले सञ्चालन गरेका थिए ।

# उच्च अदालत बागलुङ इजालसको भवन सम्पन्न

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ असार

उच्च अदालत पोखरा बागलुङ इजालसको अत्याधुनिक भवन सम्झौताअवधि अगावै निर्माण सम्पन्न भएको छ ।

भूकम्पले क्षति पऱ्याएको अदालतको भवन विसं २०७९ मङ्सिर १५ गते ३० महिनाभित्र सक्नेगरी निर्माण थालिएको थियो । उक्त भवनको सम्झौता मितिभित्र सम्पन्न भएर हस्तान्तरणको चरणमा पुगेको हो । भवन गण्डकी प्रदेशको नमूना र ठूलो लागतमध्ये पर्ने उच्च आदलत पोखरा बागलुङ इजालसले जानाएको छ । भूकम्पले भत्काएको नौ वर्षपछि भवन निर्माण भएर हस्तान्तरणको प्रक्रियामा गएको छ ।

विभिन्न पूर्वाधार निर्माण समयमा सम्पन्न नभएका थुप्रै उदाहरणका बीच ३० महिनाभित्रै उच्च अदालत पोखराको सुविधा सम्पन्न साढे छ तलाको भवन सम्पन्न भएको छ । आधुनिक र पूर्ण आपाङ्गमैत्री भवनमा अण्डरग्राउण्ड पार्कीङसंगै अन्य तीन वटा न्यायाधिश आवास गृह निर्माण गरिएको हो । उच्च अदालत पोखराअन्तर्गत बागलुङ अदालतको भवन २०७२ सालको भूकम्पले क्षति भएपछि विसं २०७९ मङ्सिरमा ठेक्का सम्झौता भएर काम सुरु भएको थियो । दुई वटा विद्युतीय भऱ्यायाङसहित नमूना भवन निर्माण सम्पन्न भएर सेवा दिने अवस्थामा पुगेको बागलुङ इजालसका रजिष्ट्रार रामबहादुर थापाले जानकारी दिनुभयो । यही असार २० गतेसम्म सम्झौता मिति रहेको उक्त भवन जेठ अन्तिममा निर्माण सम्पन्न भएको उहाँले बताउनुभयो । हस्तान्तरणपछि उच्च अलदातलको नयाँ भवनबाट ३० महिनापछि सेवा थालिने थापाको भनाइ छ । अदालतको अहिले जिल्ला अदालत बागलुङको भवनबाट सेवा प्रदान हुँदै आइएको छ । श्यामसुन्दर पशुपति शिवजी निर्माण कम्पनीले रु ५७ करोडमा ठेक्का सम्झौता गरेको थियो । निर्माण व्यवसायीले दिनरात गरी दुई चरणमा काम गरेसँगै सम्झौता मितिभित्रै निर्माण सम्पन्न भएको जनाएको छ । "कार्यप्रगति निकै सन्तोषजनक छ, समयमा भुक्तानी दिएको भए जेठमा सेवा दिने तयारी थियो, केही ढिलो भए पनि अहिले भवन निर्माण सकिएको छ, हस्तान्तरणपछि गर्ने सानातिना कामहरू भने बाँकी छन्", थापाले भन्नुभयो, "निर्माण कम्पनीले ठेक्का सम्झौता अनुरुप काम गर्दा अदालतको सेवा दिन सहज हुनेछ ।" भवन निर्माणका लागि अत्याधुनिक उपकरण प्रयोग गरिनुका साथै दुई चरणमा काम भएकाले समयसिमा भवन सम्पन्न भएको निर्माण कम्पनीले जनाएको छ । निर्माण व्यवसायीका प्रतिनिधि महेन्द्र पौडेलका अनुसार काम सकेर हस्तान्तरणको प्रक्रियामा पुगेको बताउँदै केही मर्मतसंभारको काम भइरहेको छ । उहाँले भवन ठूलो भएकाले काम गर्दा छुटेका केही संरचना र बिग्रेका काम मर्मत भइरहेको जनाउनुभयो । "मुख्य भवन वैशाखमा सकिएको थियो, आवास गृहसहित रङ्गरोगन र अन्य काम जेठमै सकिएको हो", उहाँले भन्नुभयो । उहाँका अनुसार भवनमा पारदर्शी विद्युतीय भऱ्याङ जडान भइसकेको छ । नायाँ भवनमा छ वटा अत्याधुनिक इजलास कक्ष रहने छन् । जसकारण एकसाथ छ मुद्दाको इजलास गर्न सकिने रजिष्ट्रार थापाले जानकारी दिनुभयो ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७ जनएकता खेल मैदान अर्चले स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः जनएकता खेल मैदान अर्चले स्तरोन्नती
ठेगानाः पोखरा-२७, अर्चले
योजना सम्झौता मितिः २०८१/०८/२० गते
योजना शुरु मितिः २०८१/०८/२१ गते
योजना सम्पन्न हुने मितिः २०८१/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/०५ गते
योजनाको कुल लागतः रु. ८,२३,५२९।-
महानगरपालिकाबाटः रु. ७,००,०००।-
जनसहभागिताबाटः रु. १,२३,५२९।-
निर्माण समिति अध्यक्षः मनिष वाग्ले मो. ९८६९६१०७१९
सचिवः तुलसी धमला
निर्माण समिति सदस्य संख्याः ७ महिलाः ३, पुरुषः ४

**जनएकता खेल मैदान अर्चले स्तरोन्नती उपभोक्ता समिति**
**पोखरा-२७, अर्चले**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७ मरे खरे संरक्षण तथा स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः मरे खरे संरक्षण तथा स्तरोन्नती
ठेगानाः पोखरा-२७
योजना सम्झौता मितिः २०८१/१२/२१ गते
योजना शुरु मितिः २०८१/१२/२२ गते
योजना सम्पन्न हुने मितिः २०८२/०२/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/०५ गते
योजनाको कुल लागतः रु. १७,६५,३५२.०५
महानगरपालिकाबाट प्राप्तः रु. १५,००,०००।-
जनश्रमदानः रु. २,६५,३५२.५।-
निर्माण समिति अध्यक्षः तिलक सिंह गुरुङ मो. ९८१६६२८७९०
अनुगमन संयोजकः जितेन्द्र बहादुर क्षेत्री
निर्माण समिति सदस्य संख्याः ७ महिलाः ३, पुरुषः ४

**मरे खरे संरक्षण तथा स्तरोन्नती उपभोक्ता समिति**
**पोखरा-२७**